# लेकम गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ , संख्याः ३८ , मितिः२०८१।०१।२४

## भाग -२

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः२०८०।१२।०७

<u>**प्रस्तावनाः**</u> लेकम गाउँपालिकाभित्र खास गरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका स्थानीय बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र

व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी लेकम गाउँपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम “एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१” रहेको छ।

(ख) यो कार्यविधि लेकम गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “एम्बुलेन्स” भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) “एम्बुलेन्स जनशक्ति” भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(घ) “गाउँपालिका” भन्नाले लेकम गाउँपालिकालाई सम्झनुपर्छ।

(ङ) “सेवा शुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरू रहेको एक गाउँपालिका एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | — संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | — सदस्य |
| (ग) गाउँ कार्यपालिकाका सदस्य (महिला - १, दलित - १) | — सदस्य |
| (घ) एम्बुलेन्स रहेको वडाका वडाध्यक्ष | — सदस्य |
| (घ) प्रतिनिधि, स्थानीय रेडक्रस सोसाइटी | — सदस्य |
| (ङ) एम्बुलेन्स रहेको सम्बन्धित स्वास्थ्य चौकी प्रमुख | — सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको वैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रूपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाइ तथा व्यवस्थापन गर्ने ।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । सामान्यतया एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाइने ।

(ङ) सरोकारवाला तथा अन्य सङ्घ संस्थाहरूबिच आवश्यकता अनुसार एम्बुलेन्स सेवाबारे समीक्षा बैठक गर्ने,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(छ) चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैङ्क-कोषमा दाखिला गरे नगरेको समयसमयमा निरीक्षण गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवाप्रवाह स्थितिको अद्यावधिक विवरणसहितको प्रतिवेदन प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

**५. सेवा शुल्कसम्बन्धी व्यवस्थाः** (१) एम्बुलेन्स सेवा प्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले अनुसूची - १ मा उल्लेख भएअनुसारको रकम सेवा शुल्कको रूपमा बुझाउनु पर्नेछ । एम्बुलेन्स पहिलो पटक संचालन भएको हकमा बैठक बसी तोकिए बमोजिमको भाडा भुक्तानी गर्नु पर्नेछ,

(२) एम्बुलेन्स सेवाबापत उठेको रकम गाउँपालिकाले सम्बन्धित स्वास्थ्य चौकीको नाममा एक अलग बैङ्क खाता-कोष खडा गरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शुल्कबापत लिइने रकमको असुलीका लागि सम्बन्धित स्वास्थ्य चौकीले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख-नियन्त्रण खाता स्वास्थ्य चौकीमा राखिने छ ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद काटी बैङ्क खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम सम्बन्धित स्वास्थ्य चौकीको व्यवस्थापन समितिबाट स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइनेछ । कोषको रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मतसम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ । सोको जानकारी गाउँपालिकालाई तीनतीन महिनामा दिनु पर्नेछ ।

(६) एम्बुलेन्सले सेवा दिएको स्थान र मिति खुल्ने गरी सवारी लगबुक राख्नु पर्नेछ । लगबुक भर्ने जिम्मेवारी एम्बुलेन्स चालकको रहनेछ भने त्यसलाई प्रमाणित गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य चौकी प्रमुखको हुनेछ ।

**(६) चालकको नियुक्ति र सेवा सुविधाः** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाको स्वीकृतिमा सम्बन्धित स्वास्थ्य चौकीले नेपाल सरकारको एम्बुलेन्स सेवा संचालन सम्बन्धी निर्देशिका बमोजिम योग्यता पुगेको एक जना चालक सेवा करारमा नियुक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. दुई लाखसम्मको दुर्घटना बिमा गरिनेछ । बिमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची (२) बमोजिम हुनेछ ।

**(७) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भारः** (१) एम्बुलेन्स सम्बन्धित स्वास्थ्य चौकीको कार्यालय हातामा रहनेछ ।

(२) प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गरी एम्बुलेन्सको नियमित मर्मतसम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**८. विविधः** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवासुविधा तथा औषधीको विवरण अनुसूची (३) बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बिमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**९. खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेको **एम्बुलेन्स सञ्चालन कार्यविधि २०७७** खारेज गरिएकोछ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

## कार्यविधिको दफा (५) सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट

| क्र.सं. | सडकको विवरण | दररेट (रु.) | कैफियत |
|---|---|---|---|
| १ | कऊची सडक प्रति कि.मी | १०० | गर्भवती महिलाहरुलाई निशुल्क |
| २ | ग्रावेल सडक प्रति कि.मी | ८० | |
| ३ | पक्की सडक प्रति कि.मी | ४० | |
| ४ | सिलिन्डर अक्सिजन शुल्क प्रति घण्टा | ८० | |

नोटः पहिलो पटकको लागि एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम हुनेछ ।

- उल्लिखित दरमा तेल र विभिन्न करको रकम समावेश गरिनेछ ।
- दुरीको हकमा गन्तव्यस्थान नै मान्य हुनेछ ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी विरामी लैजानु अगावै कार्यालयमा बुझाउनु पर्नेछ ।

## अनुसूची — २ (कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ लाई पूर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेसागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेसाको मानमर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफूले लिएको निर्णयहरूमा आफैं व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफ्नो पेसागत दक्षता सुधार गर्दै लैजानुका साथै आफूमा भएका पेसागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नुअघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. विरामीलाई बिच बाटोमा छाड्न नहुने,

९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेसागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पतालपूर्व सेवा तथा एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनु पर्ने,

११. आफूले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरूको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने ।

प्रचलित कानुनको पालना गर्नुपर्ने । सवारी चालकले निम्न अनुसारको प्रतिबद्धता समेत गर्नु पर्नेछः

### प्रतिबद्धता-पत्र

म ................(नाम) ............................ठेगाना........................ना.प्र.प.नं. ................जिल्ला, ड्राइभिङ्ग लाइसेन्स नं. ............ ले उल्लिखित आचारसंहिता अध्ययन गरेको छु । दार्चुला जिल्ला लेकम गाउँपालिकाबाट .......... स्वास्थ्य चौकीलाई व्यवस्थापनको जिम्मा दिइएको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सहीछाप गरेको छु ।

| **चालकको:** | **रोहवरमा प्रमाणित गर्ने व्यक्तिको:** |
|---|---|
| नाम : | नामः |
| दस्तखत : | पद : |
| मिति : | दस्तखत : |
| | मितिः |
| | **संस्थाको छापः** |

तेकेम गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रातामाटा दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

## अनुसूची –३

(कार्यविधिको दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**"ख" वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको विवरण**

- All Emergency Equipment's
- Stethoscope
- B.P. Apparatus
- Torchlight
- Tongue Depressor
- IV drips
- ECG Monitor with oxygen monitor
- Intubation set
- Various intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets

**Other:**

- Washing equipment's
- Wheel chair and trolley
- Radio communication
- Tablet with 4G connectivity

**Staffs:**

- Ambulance driver with firs aid trainings
- EMT

अन्य वर्गको (Basic Life Support (BLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको जनशक्तिको हकमा तोकिएबमोजिम हुनेछ ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत